**Regd No. 166013/073/074**

Sayapatri
Hydropower Limited

च.नं. २५/०८३/०८४

कम्पनी दर्ता नं. १६६०१३/०७३/०७४
मितिः २०८३/०६/१४

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरबार प्लाजा, रामशाहपथ, काठमाण्डौ ।

बिषयः– **आयोजनास्थलमा थप क्षति जानकारी सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा, यस सयपत्री हाइड्रोपावर लिमिटेडद्वारा मिति २०८३/०६/१२ गते चलानी नं. १८/२०८३/०८४ को पत्रमार्फत दरम खोलामा मिति २०८३ साल असोज ०९ गते शुक्रबार आएको बाढीका कारण आयोजनाको स्वीचयार्डदेखि नेपाल विद्युत प्राधिकरणको हरिचौर सबस्टेशनसम्म रहेको ३३ के.भी. प्रसारण लाइनका पोल तथा तारहरूमा क्षति पुग्न गई विद्युत उत्पादन तथा प्रसारण कार्य बन्द रहेको व्यहोरा अवगत नै छ। यसै क्रममा, मिति २०८३/०६/१३ गते साँझ आयोजनास्थलमा रहनुभएका कर्मचारीहरूसँग सम्पर्क स्थापित भएपछि प्राप्त थप जानकारीअनुसार, मिति २०८३/०६/११ गते बिहान करिब ३:०० बजेको समयमा आयोजनाको पावरहाउसबाट करिब ७०० मिटर माथिबाट माटोको लेदो बगेर आई पावरहाउसको पछाडिपट्टि रहेका सिसाका झ्यालहरूबाट माटोको लेदो पावरहाउस भित्र प्रवेश गरी भवनभित्र ठूलो मात्रामा माटोको लेदो जमेको हुँदा विद्युत उत्पादन कार्य पूर्ण रूपमा बन्द रहेको व्यहोरा जानकारी गराइन्छ। साथै आयोजनास्थलमा मानवीय क्षति नभएको तथा अन्य संरचनाहरू, जस्तै हेडवर्क्स, पाइपलाइन, पावरहाउस भवन तथा कर्मचारी आवासगृहहरूमा समेत कुनै प्रकारको क्षति नभएको जानकारी गराइन्छ। हाल पावरहाउसभित्र जमेको माटोको लेदो सफा गर्ने तथा क्षतिग्रस्त ३३ के.भी. प्रसारण लाइनका पोल तथा तारहरूको मर्मतसम्भार गर्ने कार्य यथाशीघ्र अगाडि बढाई, सम्भव भएसम्म छिटो विद्युत उत्पादन तथा प्रसारण सेवा पुनः सञ्चालन गरी आयोजना सुचारु गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं।

धन्यवाद।

भवदीय,

सयपत्री हाइड्रोपावर लिमिटेड २०७३

रमेश प्रशाद भण्डारी
कम्पनी सचिव